सभाबाट स्वीकृत मिति: २०७५।०३।२६
प्रथम पटक संसोधन मिति: २०७७।११।१०

नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्ड: ४ संख्या: ९ दल्ली जाजरकोट मिति: २०७७/११/२०

भाग-१

## नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सूचना

नलगाड नगरपालिकाको सातौ नगर सभाबाट संसोधित तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## नलगाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

**सम्वत् २०७५ सालको ऐन नं. ३**

प्रथम पटक संसोधन मिति: २०७७।११।१०

**प्रस्तावना :** स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नलगाड नगरपालिकाको जिम्मेवारी रहेको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानले निदिष्ट गरेको संविधानको अनुसूची ८ को अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नलगाड नगर सभाले यो ऐन पारित गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक



नि.प्रमुख प्रशासकीय अधिकृत

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम नलगाड नगरपालिकाको "स्वास्थ्य तथा सरसफाई ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सभाबाट स्वीकृत भई नलगाड राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले नलगाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नलगाड नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

(ञ) "नगरपालिका" भन्नाले नलगाड नगरपालिकालाई सम्झनुपर्छ ।

(ट) "कार्यपालिकाको कार्यालय" भन्नाले नलगाड नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

## परिच्छेदः २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीयस्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु तीन प्रकारका हुनेछन् :

(क) **सरकारी वा सामुदायिक** : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।



नि. प्रमुख प्रशासकीय अधिकृत

(ख) **निजी** : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) **ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ** : ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछन् ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **स्वास्थ्य सेवा अनुगमन समितिको गठन** : (१) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय तहमा एक स्वास्थ्य सेवा अनुगमन समिति गठन हुनेछ । समितिमा देहायका पदाधिकारी हुनेछन ।

(क) स्वास्थ्य क्षेत्र हेर्ने विषयगत समितिको संयोजक -संयोजक

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको एक जना - सदस्य

(ग) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट कार्यपालिकाले तोकेको एक जना - सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका संयोजक मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका एक जना - सदस्य

(ङ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) नगरपालिकाको क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी विषयमा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।



नि.प्रमुख प्रशासकीय अधिकृत

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(ञ) तोकिए बमोजिम जिम्मेवारी पुरा गर्न नसक्ने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको विघटनको लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

६. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति :** (१) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन गर्न प्रत्येक स्वास्थ्य संस्थामा एक स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ । समितिमा देहायका पदाधिकारी हुनेछन ।

(क) नगर प्रमुख -संरक्षक
(ख) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष -अध्यक्ष
(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येवाट एकजना -उपाध्यक्ष
(घ) सम्वन्धित वडाका प्रधानाध्यापक/शिक्षक मध्येवाट एकजना महिला -सदस्य
(ङ) समितिले मनोनित गरेको महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट एकजा , -सदस्य
(च) सम्वन्धित वडाको वडा सचिव -सदस्य
(छ) स्वास्थ्य चौकी प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठकमा निम्न क्षेत्रको अनिबार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ ।

(क) दलित, जनजातिबाट एकजना
(ख) अपांग, अशक्त वा जेष्ठ नागरीकबाट एकजना
(ग) किशोर किशोरीहरुको तर्फबाट एकजना

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरक्षेत्रमा पन्ध्र शैयासम्मको प्राथमिक अस्पताल वा सरकारी अस्पताल सञ्चालनको लागि देहायबमोजिम पदाधिकारी रहेको प्राथमिक अस्पताल वा सरकारी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

(क) नगर प्रमुख -अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य
(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य
(घ) अस्पताल रहेको सम्वन्धित वडाको वडा अध्यक्ष -सदस्य
(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य
(च) कार्यपालिकाबाट मनोनित एक महिला सहित दुईजना सदस्य -सदस्य
(छ) सम्वन्धित अस्पतालको नर्सिङ्ग प्रमुख -सदस्य
(ज) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष/प्रतिनिधि -सदस्य
(झ) समितिले मनोनित गरेको स्वास्थ्य क्षेत्रमा काम गरेको व्यक्ति एकजना -सदस्य
(ञ) अस्पतालको मेडिकल सुपरिन्टेन्डेन्ट - सदस्य सचिव



नि. प्रमुख प्रशासकीय अधिकृत

(३क) उपदफा (३) बमोजिम समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

(३ख) उपदफा (१) र (३) बमोजिम समितिको वैठक सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) **स्वास्थ्य संस्था सन्चालन तथा ब्यवस्थापन समितिका काम कर्तब्य अधिकार :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकाको कार्यालयमा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्वन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्वन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्वन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) तोकिए वमोजिम अन्य कार्य गर्ने ।

(६क) **स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने:** (१) कुनै पनि स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी स्वास्थ्य तथा अनुगमन समितिले कारण सहित नगर कार्यपालिकाको कार्यालयमा सिफारिश गरेमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

७. **बैंक खाता संचालन :** हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्नु पर्नेछ ।



नि. प्रमुख प्रशासकीय अधिकृत

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखापरीक्षण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**परिच्छेदः ३**

**स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड**

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

(१) **अस्पताल :** नगरपालिकाले ताकिएको मापदण्डको आधारमा पन्ध्र शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न कार्यपालिकाले नियमावली तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) **स्वास्थ्य चौकी:** नगरपालिकाले प्रत्येक वडामा जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्न सक्नेछ ।:

**(क) जनशक्तिः** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) एकजना, अ.हे.व. दुईजना, अ.न.मी. दुईजना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु ।

**(ख) भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

**(ग) उपकरणः** प्राथमिक उपचारका आधारभूत उपकरणहरु ।

(३) नगरपालिकाको क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सासेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने :** (१) नगरपालिकाको क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा पन्ध्र शैयासम्म संचालनको अनुमति कार्यपालिकाको सिफारिसमा कार्यपालिकाको कार्यालयले दिन सक्नेछ ।

नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

नि.प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा कार्यपालिकाको कार्यालयले तोकिएको समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा कार्यपालिकाले अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्नेछ ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :** कार्यपालिकाको स्वीकृतिमा संचालन हुने पन्ध्र शैयासम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

**(१) जनशक्तिः** कम्तिमा दुईजना एम.वि.वि.एस. डाक्टर, कम्तिमा चारजना स्टाफ नर्स, कम्तिमा एकजना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी नियमावलीमा तोकिए बमोजिम जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

**(२) भवन तथा कोठाः** दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ सुविधा ।

**(३) उपकरण र पूर्वाधारः** सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिस्टम, चौविस घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

११. **पोलिक्लिनिक संचालनको अनुमतिः** (१) कार्यपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृति दिन सक्नेछ ।



नगर कार्यपालिकाको कार्यालय, नलगाड नगरपालिका, दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खुलाई कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१२. **प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम तीन वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

१३. **फार्मेसी संचालनको अनुमतिः** (१) नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा कार्यपालिकाको कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाणपत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र सम्वन्धित वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्नेछ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम कार्यपालिकाको कार्यालयले फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।

१४. **मापदण्ड पुरा नगरेमा सजाय हुनेः** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर भुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ ।



नि.प्रमुख प्रशासकीय अधिकृत

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आमजनतालाई जानकारी दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

१५. **सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क कार्यपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद: ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

१६. **स्वास्थ्यकर्मीको व्यवस्थापन:** नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि चार प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् :

(१) **स्थायी:** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) **करार:** स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) **अभ्यासकर्ता:** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा एक वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) **स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका:**

१७. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि एक्काईस वर्ष पुरा भई चालिस वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम दश कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।



नि. प्रमुख प्रशासकीय अधिकृत

(२) एउटा वडामा अधिकतम संख्या दश हुने गरी औसत प्रति तीनसय जनसंख्याको लागि एकजना सामुदायिक स्वास्थ्य स्वयंसेविका र पाँचसय जनसंख्याको लागि एकजना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी सात दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर र साठी वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरि बिदाइ गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तिमा दश कक्षा उत्तिर्णलाई मात्र नियुक्ति दिइनेछ ।

१८. **स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) स्थायी स्वास्थ्यकर्मीलाई नेपाल सरकारले तोके वमोजिम तलव, भत्ता र कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) करार स्वास्थ्यकर्मीलाई प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीलाई निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको एक तिहाई रकमसम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता/स्वयंसेविकालाई पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्वन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

१९. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति** : (१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी कार्यपालिकाले निर्धारण गर्नेछ ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा कार्यपालिकाको कार्यालयले दरवन्दीको अधिनमा रही करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) नलगाड नगरपालिकाले तोकेको एक जना विज्ञ – सदस्य



नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

(ग) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

(४) वैठक तथा छनौट सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **सरुवा:** (१) स्थायी स्वास्थ्यकर्मीहरुले कुनै एक स्वास्थ्य संस्थामा न्युनतम दुई वर्ष सेवा गरे पश्चात प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका भित्रको अर्को स्वास्थ्य संस्थामा सरुवा गर्नसक्नेछ । विशेष परिस्थिति बाहेक न्यूनतम दुईवर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम दुइवर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

(४) कार्यसम्पादन सन्तोषजनक नरहेका वा आचरण सन्तोषजनक नरहेका स्वास्थ्यकर्मीलाई आधारभुत स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै वखत सरुवा गर्न सक्नेछ ।

२१. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

(१) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समितिले तयार पारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. **कार्यसम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार** : (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय कार्यपालिका कार्यालयले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. **वार्षिक खरिद योजना बनाउनु पर्नेः** (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

२४. **औषधी तथा स्वास्थ्य उपकरण खरिद :** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिकाको आदेशमा स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउनेछ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

(३) औषधी तथा स्वास्थ्य उपकरण खरिद गर्दा सार्वजनिक खरिद ऐनको पूर्ण परिपालना गर्नुपर्नेछ ।

२५. **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ । खरिदको परिमाण निर्धारण सम्वन्धित स्वास्थ्य संस्थाले माग गरे वमोजिम वीस प्रतिशतमा नवढाइकन गर्नुपर्नेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नुपर्नेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगर कार्यपालिकामा बुझाउनु पर्नेछ ।

**परिच्छेद ६**

**स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था**

२६. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :** (१) नगरपालिका स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

२७. **सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :** (१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

२८. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :** (१) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस वमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

**परिच्छेद ७**

**महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था**

२९. **रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी चौविस घन्टा भित्र नजिकका सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।



नि.प्रमुख प्रशासकीय अधिकृत

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी पाँच दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३०. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :** (१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३१. **सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले तोकिए वमोजिम कारवाही गर्नेछ ।

३२. **सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :** (१) नगर स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।



नि.प्रमुख प्रशासकीय अधिकृत

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनः प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) नगरक्षेत्र भित्र फोहर मैला व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै फोहरमैला व्यवस्थापन समिति गठन गरी कार्य सम्पादन गर्न सकिनेछ ।

## परिच्छेद ८

## विविध

३४. **प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :** (१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३५. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ ।

३६. **प्रगति विवरण पेश गर्नुपर्नेः** नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. **साझेदारी गर्नसक्ने** : नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

३८. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

३९. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

४०. **संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म कार्यपालिकाले गर्न सक्नेछ ।

४१. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ । तर यस्तो आदेश नगर सभाले छ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

४२. **बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) नेपालको संविधान, संघीय स्वास्थ्य सेवा ऐन, प्रदेश स्वास्थ्य सेवा ऐनसँग बाझिएको खण्डमा यस ऐनका दफा तथा उपदफाहरु स्वतः निष्कृय हुनेछन ।

आज्ञाले

सुरेन्द्र सिंह

नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत